" सचेत नागरिक मार्फत दिगो पूर्वाधार, स्वच्छ सरसफाई, सुशासन सहित समृद्ध नगर निर्माणका आधार "

स्थानीय सरकार

त्रिपुरासुन्दरी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

त्रिपुराकोट बगर, डोल्पा

कर्णाली प्रदेश, नेपाल

www.tripurasundarimundolpa.gov.np
info@tripurasundarimundolpa.gov.np
ito.tripurasundarimundolpa@gmail.com

पत्र संख्याः २०८१।०८२ चलानी नं. सूचना। मितिः २०८२।०३।०२

ने.सं.११४५ तछलागा ५ सोमवार

<u>सूचना</u>

विषयः पोषण सुधारका लागि अनुदान कार्यक्रम सम्वन्धी सूचना ।

(प्रथम पटक सूचना प्रकाशन मितिः २०८२।०३।०२)

प्रस्तुत विषयमा नेपाल सरकार शसर्त अनुदान चालु युरोपियन युनियन नगद अनुदान (वैदेशिक) सहयोगमा यस त्रिपुरासुन्दरी नगरपालिकाको आ.व २०८१।०८२ बहुक्षेत्रिय पोषण कार्यक्रम अन्तर्गत सुनौला हजार दिनका विपन्न महिलाको पोषण सुधारका लागि महिला सहकारी तथा समुहलाई सुरुवाती चालु अनुदान वितरण गर्नु पर्ने रहेको हुँदा नगरापालिका स्तरीय पोषण खाद्य सुरक्षा निर्देशिका समितिको मिति २०८२।०३।०२ गतेको निर्णयानुसार नगरपालिका भित्र रहेका सहकारी तथा समुह तपशिल बमोजिमका कागजातहरु सहित सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र प्रस्तावना पेश गर्नु हुन महिला सहकारी तथा समुहलाई जानकारीको लागि सूचना प्रकाशित गरिएको छ ।

<u>तपशिलः</u>

१. महिला सहकारी तथा समुहको दर्ता प्रमाण पत्र।

२. आ.व २०८०।०८१ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि र लेखा परिक्षणको प्रतिवेदन ।

३. महिला समुहको हकमा एक वर्ष भित्र महिला सहकारीमा रुपान्तरण हुने प्रतिवर्द्धता पत्र।

४. महिला सहकारी वा समुहले गर्न चाहेको व्यवसायिक योजना पत्र ।

५. महिला सहकारी वा समुहको गत आ.व २०८०।०८१ को आय व्ययको विवरण ।

६. २५ जना विपन्न महिलालाई अनुदान प्रदान गर्नु पर्ने हुँदा महिला सहकारी वा समुहमा सुनौला १००० दिनका आमा २५ जना सदस्य रहेको हुनु पर्ने छ। साथै सबै सदस्यको नागरिकताको प्रतिलिपि सहित हुनु पर्ने छ ।

७. कार्य समितिको निर्णय प्रतिलिपि।

८. सम्वन्धित वडा कार्यालयको सिफारिस ।

भिम बहादुर थापा
नि.प्रमुख प्रशासकिय अधिकृत

भिम बहादुर थापा
नि.प्रमुख प्रशासकीय अधिकृत

<u>नोटः</u>

प्रस्तावनाको ढाँचा यस त्रिपुरासुन्दरी नगरपालिकामा उपलब्ध हुनेछ ।